मिति: २०८२/१०/०२
समय: बिहान ८.०० बजे
स्थान: नागार्जुन नगरपालिका

नागार्जुन नगरपालिकाका कार्यवाहक नगर प्रमुख श्री सुशिला अधिकारीज्यूको अध्यक्षतामा यस नगरपालिका नगर कार्यपालिकाको नियमित बैठक तपसिलमा उल्लेखित पदाधिकारीहरूको उपस्थितीमा बसि देहायको निर्णय गरियो ।

<u>तपसिलः-</u>

| सि.नं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री सुशिला अधिकारी | कार्यवाहक नगर प्रमुख | |
| २ | श्री महेश रिमाल | प्रवक्ता एवम् वडा अध्यक्ष वडा नं. ५ | |
| ३ | श्री रामेश्वर लामा | वडा अध्यक्ष, वडा नं १ | |
| ४ | श्री थुमराज के.सी. | वडा अध्यक्ष, वडा नं २ | |
| ५ | श्री उमेश लामा | वडा अध्यक्ष, वडा नं ३ | |
| ६ | श्री सुन्दरमणी श्रेष्ठ | का.वा.वडा अध्यक्ष, वडा नं ४ | |
| ७ | श्री देवेन्द्रराज गिरी | वडा अध्यक्ष, वडा नं ६ | |
| ८ | श्री शैलेन्द्र लामा | वडा अध्यक्ष, वडा नं ७ | |
| ९ | श्री सुरज कुमार पोखरेल | वडा अध्यक्ष, वडा नं ८ | |
| १० | श्री रामकृष्ण भट्टराई | वडा अध्यक्ष, वडा नं ९ | |
| ११ | श्री सुन्दर बहादुर के.सी. | वडा अध्यक्ष, वडा नं १० | |
| १२ | श्री शोभा नेपाली | नगरकार्यपालिका सदस्य | |
| १३ | श्री इशु खड्का | नगरकार्यपालिका सदस्य | |
| १४ | श्री कल्पना बसेल | नगरकार्यपालिका सदस्य | |
| १५ | श्री हुम्जला राई | नगरकार्यपालिका सदस्य | |
| १६ | श्री चन्दा सुनार | नगरकार्यपालिका सदस्य | |
| १७ | श्री अम्विका सुनचिउरी गजमेर | नगरकार्यपालिका सदस्य | |
| १८ | श्री रमेश बसेल | नगरकार्यपालिका सदस्य | |
| १९ | श्री गणेश प्रसाद अर्याल | प्रमुख प्रशासकीय अधिकृत एवम् सदस्य सचिव | |

## अन्य उपस्थितीः-

| सि.नं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री कृष्ण बहादुर कुँवर | अधिकृत दशौं | [signature] |
| २ | श्री सुनिल आचार्य | वरिष्ठ शाखा अधिकृत | [signature] |
| ३ | श्री आनन्द कुमार खड्का | वरिष्ठ लेखा अधिकृत | |
| ४ | श्री कञ्चन खनाल | प्राविधिक शाखा प्रमुख | [signature] |
| ५ | श्री बिमोचन भण्डारी | वरिष्ठ इञ्जिनियर | [signature] |
| ६ | श्री स्वस्तिका अर्याल | शाखा अधिकृत | [signature] |
| ७ | श्री सागर खत्री | कम्प्युटर अपरेटर | [signature] |
| ८. | श्री सन्दीप गिरी | इन्जिनियर | [signature] |
| ९. | श्री शेरराज पोखरेल | प्र.क. अधिकृत | [signature] |

## प्रस्तावः-

१. आगामी आ.व.को लागि संघबाट प्रदान गर्ने समपुरक र विशेष अनुदान तर्फबाट योजना छनौट सम्बन्धमा।
२. नगरपालिकाको लागि आवश्यक विभिन्न ऐन तथा कार्यविधि तर्जुमा/पारित/संशोधन सम्बन्धमा।
३. सूचना प्रविधिमा आधारित कृषि उपज बजार केन्द्र स्थापना सम्बन्धमा।
४. वार्षिक योजना तथा बजेट कार्यान्वयन सम्बन्धमा।
५. भू-उपयोग मापदण्ड छलफल सम्बन्धमा।
६. आन्तरिक लेखा परिक्षण प्रतिवेदन माथि छलफल सम्बन्धमा।
७. विविध।

**<u>निर्णयहरू:</u>**

<u>निर्णय नं. १</u>

गत मिति २०८२/०९/१८ गते बसेको नगर कार्यपालिकाको बैठकको निर्णयहरू कार्यान्वयनको सम्बन्धमा समिक्षा गरियो ।

<u>निर्णय नं. २</u>

आगामी आ.व. को लागि संघ तथा प्रदेशबाट प्रदान गर्ने समपुरक र विशेष अनुदान तर्फबाट योजना छनौट सम्बन्धमा छलफल गर्दा यस नगरपालिकाबाट निम्न योजनाहरू छनौट गरी सिफारीस गर्ने निर्णय गरियो ।

<u>संघीय समपुरक अनुदान तर्फः</u>

१. नागार्जुन नगरपालिका केन्द्रबाट फस्कु हुँदै वडा नं. ६ को केन्द्र - घट्टेखोला सडक स्तरोन्नती ७ करोड

२.. घट्टेखोला वडा नं. ८ केन्द्र हुँदै नर्सरी सडक स्तरोन्नती ७ करोड

३. खड्का गाउँ पाखुरे सडक स्तरोन्नती ३ करोड

<u>संघीय विशेष अनुदान तर्फः</u>

१. दुवे चौर कानपुर पाखुरे खानेपानी आयोजना १ करोड

२. बृहत स्यूचाटार खानेपानी आयोजना २ करोड

३ मजुवा पहिरो व्यवस्थापन १ करोड

<u>प्रदेश समपुरक अनुदान तर्फः</u>

१. नर्सरी छापेचौर सडक स्तरोन्नती ३ करोड

२. लुपाङ ह्वाइटगुम्बा सडक स्तरोन्नती ३ करोड

३. निर्भाना स्कुल भैरव मन्दिर सडक स्तरोन्नती १ करोड

४. घ्याम्पे डाँडा सडक स्तरोन्नती २ करोड

<u>प्रदेश विशेष अनुदान तर्फः</u>

१. वडा नं. ३, ४ र ५ खानेपानी आयोजना १ करोड

२. वि.पि.वन वाटिका पहिरो नियन्त्रण १ करोड

३. हसन्टार पहिरो नियन्त्रण १ करोड

<u>निर्णय नं. ३</u>

नागार्जुन नगरपालिकामा चालु आर्थिक वर्ष भित्रमा तपसिल बमोजिमका कार्यविधिहरू तर्जुमा तथा पारित गर्ने निर्णय गरियो ।

<u>तपसिलः</u>

| सि.नं. | कानूनको नाम | कैफियत |
|---|---|---|
| १. | नागार्जुन नगरपालिकाको स्थानीय उद्योग दर्ता, सञ्चालन, व्यवस्थापन र नियमन सम्बन्धी ऐन, २०८२ | पारित गरियो (ऐनको हकमा सभाबाट अनुमोदन हुने गरी) |
| २. | नागार्जुन नगरपालिकाको स्थानीय उद्योग दर्ता, सञ्चालन, व्यवस्थापन र नियमन सम्बन्धी नियमावली, २०८२ | |
| ३. | नागार्जुन नगरपालिकाको विपद् जोखिम सम्बन्धी कार्यविधि, २०८२ | |
| ४. | नागार्जुन नगरपालिकाको आय ठेक्का कार्यविधि, २०८२ | |
| ५. | नागार्जुन नगरपालिकाको विज्ञापन व्यवस्थापन तथा नियमन गर्ने सम्बन्धमा बनेको विधेयक, २०८२ | |
| ६. | नागार्जुन नगरपालिकाको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२ | |
| ७. | नागार्जुन नगरपालिका ढुंगा, गिट्टी, बालुवा र माटो उत्खनन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८२ | |
| ९. | नागार्जुन नगरपालिकाको सहकारी ऐन, २०७५ | संशोधन गर्ने |
| १०. | नागार्जुन नगरपालिकाको नगर प्रहरी सञ्चालन कार्यविधि, २०८२ | तर्जुमा गर्ने |

निर्णय नं. ४

यस नगरपालिकाको खानेपानी सरसफाई समन्वय समितिको मिति २०८२/०८/२६ को बैठकले गरेको निर्णय अनुमोदन गरी स्वीकृत गर्नको लागि आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

स्थानीय तहको ३० प्रतिशत लागत साझेदारीमा सूचना प्रविधिमा आधारित कृषि उपज बजार केन्द्र स्थापना सम्बन्धमा यस नगरपालिका वडा नं. ५ स्थित रहेको कित्ता नं. ५० को सार्वजनिक जग्गा प्राप्तीको प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं. ६

यस नगरपालिका अन्तर्गत तपसिलमा उल्लेखित संघसंस्थाहरूबाट निम्न कार्यक्रम सञ्चालन गर्नको लागि बजेट माग गरी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उल्लेखित कार्यहरू गर्नको लागि निम्न शिर्षकमा विनियोजित बजेटबाट खर्च हुने गरी कार्यक्रमहरू सञ्चालन तथा सामाग्रीहरू खरिद गरी उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल:

योजना तथा कार्यक्रमहरू माग तर्फ

| सि.नं. | निवेदकको नाम | कार्यक्रम/माग | रकम रू. | बजेट शिर्षक |
|---|---|---|---|---|
| १ | सितापाईला तेक्वान्दो डोजाङ्ग | प्रथम नागार्जुन उपमेयर जिल्ला स्तरीय तेक्वान्दो प्रतियोगिता, २०८२ | ८,००,००० | खेल प्रायोजन तथा खेलकुद व्यवस्थापन |

निर्णय नं. ७

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट यस नगरपालिका भित्रका गरिब परिवार तथा परिचय पत्र वितरण कार्यक्रम अन्तर्गत **गरिब घर परिवारको** सूचीमा परेका तथा नपरेका घर परिवारहरूले कुनै गुनासो भए मिति २०८२/०७/१४ गतेदेखि १५ दिनको अवधिमा गुनासो दर्ता गर्नको लागि सूचना प्रकाशन गरिएकोमा तोकीएको म्याद भित्र कुनै पनि गुनासो सम्बन्धी निवेदन पेश हुन नआएको भनि गुनासो सुनुवाई समितिको मिति २०८२/०८/२६ गतेको बैठकबाट निर्णय भएको हुँदा उक्त निर्णयलाई अनुमोदन गरी सोही व्यहोरा सम्बन्धित मन्त्रालयमा जानकारी गराउने निर्णय गरियो ।

निर्णय नं. ८

यस नगरपालिका अन्तर्गत वडा नं. २ गैरीगाउँ बसोवास गर्ने श्री जगत कुमारी विश्वकर्माको घरमा मिति २०८२/०५/१८ गते आगलागी भई घरमा रहेका सामाग्रीहरू जली नष्ट भएकोले आर्थिक सहयोग पाउँ भनि प्रहरी वृत्त, स्वयम्भूको मुचुल्का सहित सम्बन्धित वडा कार्यालयको प.सं. २०८२/०८३, च.नं. २९४, मिति २०८२/०५/२२ गतेको सिफारीस भई आएकोले निजलाई एकपटकको लागि रकम रू.१५,०००/- (पन्ध्र हजार) यस नगरपालिकाको प्रकोप व्यवस्थापन कोष शिर्षकमा विनियोजित बजेटबाट खर्च हुने गरी आर्थिक सहयोग दिने निर्णय गरियो ।

निर्णय नं. ९

यस नगरपालिका अन्तर्गत वडा नं. ८ स्थित शक्ती वल्लभेश्वर पङ्केको बोट बाटो कल्भर्ट निर्माण शिर्षकमा विनियोजित बजेटबाट निर्माण कार्य सञ्चालन भई रहेकोमा उक्त सडक खण्डमा हालको निर्माण स्थलको अवस्था अनुसार टेवा पर्खाल लगाएर मात्र ढलान गर्नको लागि सडक चौडा पुग्ने देखिएको हुँदा तत्काल सोही शिर्षकमा विनियोजित बजेट शिर्षकबाट सम्झौता हुने गरी निर्माण खरिद प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं. १०

नागार्जुन नगरपालिकाबाट ठेक्का आहानबाट संचालन भईरहेका आयोजनाहरु, परामर्शदाताहरुको कार्य विभिन्न कारण समयमा सम्पन्न हुन नसकेका तपशिल बमोजिमका योजानाहरु तथा परामर्श कार्यहरुको म्याद थप गर्ने निर्णय गरीयो।

तपसिल:

| क.स | योजनाहरुको विवरण | निर्माण व्यवसायी /परामर्शदाता को नाम | म्याद थपको विवरण | कैफियत |
|---|---|---|---|---|
| १. | Nagarjun/NCB/W/44/2080-81 Ward No-4 Ko Bivinna Sadak Staronnati karya | Ultimate builders Pvt. Ltd Temal-06, Kavre | २०८२ फागुन मसान्त सम्म | |
| २. | Nagarjun/NCB/W/46/2080-81 Chakra Binayak Khanepaani Ayojana | New Kalika Devi Construction Roshi-07 | २०८२ फागुन मसान्त सम्म | |
| ३. | Nagarjun/NCB/W/13/2081-82 Bhimdhunga Prahari Chauki Nirman Nagarjun-8 | Keystone Builders,Thapathali , Kathmandu | २०८२ माघ मसान्त सम्म | |
| ४. | Brief Environmental Study of Ichangunarayan Water Supply Project, ward no.3", Kathmandu | Geospatial and Environmental Solutions Pvt. Ltd. Suryabinayak - 2, Bhaktapur | २०८२ माघ मसान्त सम्म | |
| ५. | Nagarjun Municipality Introduction Video making | Satya Sanchar Pvt. Ltd. | २०८२ माघ मसान्त सम्म | |
| ६. | Nagarjun/NCB/W/36/2079-80 Syuchatar Water Supply Project | Vision-Doleshwor JV Anamnagar-10, Kathmandu | २०८२ फागुन मसान्त सम्म | |
| ७. | Detailed cadastral survey of Government owned and public land at Nagarjun Municipality, Kathmandu | Bhugol Engineeringr Consultant Pvt. Ltd. Kathmandu,Nepal. | २०८३ असार मसान्त सम्म | |
| ८. | Consulting Service for Preparation of Local level Disaster Climate Resilient Framework of Nagarjun Municipality Nagarjun/NCB/CS/01/2081-82 | Global-SES-DECODE JV | २०८२ चैत्र मसान्तसम्म | |

निर्णय नं. ११

United Nations Office for Diasaster Risk and Reduction (UNDRR) बाट सम्पूर्ण खर्च व्यहोर्ने गरी आयोजना हुन लागेको Training of Trainers (Scorecard Methodology) तालिमको आमन्त्रण नगरपालिकाको विपद् जोखिम न्यूनीकरण तथा सहनशीलता क्षमता अभिवृद्धिका लागि उपयोगी भएकाले उक्त आमन्त्रण स्वीकार गरी सन् २०२५ अप्रिल ७ - १० गते Korea को Icheon शहरमा आयोजना हुने तालिममा सहभागी हुन नगरपालिकाको तर्फबाट प्रमुख प्रशासकीय अधिकृत श्री गणेश प्रसाद अर्याल र वरिष्ठ इञ्जिनियर श्री बिमोचन भण्डारीको सहभागिताको लागि मनोनयन गरी स्वीकृतका लागि सम्बन्धित निकायमा लेखि पठाउने निर्णय गरियो ।

निर्णय नं. १२

यस नगरपालिका कार्यालयमा नगर प्रहरी व्यवस्थापनको लागि कार्य कक्ष नभएको हुँदा खाली स्थानमा पार्टेशन गरी कार्यकक्ष व्यवस्थापन गर्नु पर्ने र प्रशासन शाखामा काठ दराज निर्माण गर्न पर्ने भएकोले लागत अनुमान बमोजिमको रकम रू.९,५०,०००/- बाट यस नगरपालिकाको **फर्निचर तथा फिक्चर्स** शिर्षकमा विनियोजित बजेटबाट खर्च हुने गरी कार्य सञ्चालन गराउने निर्णय गरियो ।

निर्णय नं. १३

यस नगरपालिकाको प्रशासनिक सुधारका लागि वडा नं. १० का वडा अध्यक्षको संयोजकत्वमा गठन भएको समितिले विभिन्न मितिमा वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरूको स्थलगत अनुगमन गरेवापत अनुगमन समितिका पदाधिकारी तथा कर्मचारीहरूलाई नियमानुसारको अनुगमन तथा मूल्यांकन शिर्षकमा विनियोजित बजेटबाट अनुगमन भत्ता भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. १४

यसमा ककनी गाउँपालिकाको भवानी माध्यमिक विद्यालयको मिति २०८२/०९/०९ गतेको पत्रबाट फर्निचर डेक्सबेन्च ३० थान, स्मार्ट बोर्ड १ थान र डेक्सटप कम्प्युटर २ थान माग भई आएकोले यस नगरपालिकाको मेशिनरी औजार/फर्निचर तथा फिक्चर्स शिर्षकमा विनियोजित बजेटबाट खर्च हुने गरी सामाग्री खरिद गरी स्कुललाई उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १५

पशु सेवा कार्यालय लगनखेल, ललितपुर बागमती प्रदेशको ६० प्रतिशत र नगरपालिकाको २० प्रतिशत, कृषक (समुदाय) को २० प्रतिशत मा लागत साझेदारीमा वडा नं. ३ मा सामुदायमा आधारित एक वडा एक उत्पादन कार्यक्रमको लागि रकम रू.१३,३३,५००/- मात्र पशु सेवा कार्यालय, ललितपुरको खातामा जम्मा गर्ने निर्णय गरियो ।

निर्णय नं. १६

यस नगरपालिका अन्तर्गत तपसिलमा उल्लेखित संघसंस्थाहरूबाट निम्न कार्यक्रम सञ्चालन गर्नको लागि बजेट माग गरी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उल्लेखित कार्यहरू गर्नको लागि निम्न शिर्षकमा विनियोजित बजेटबाट खर्च हुने गरी कार्यक्रमहरू सञ्चालन तथा सामाग्रीहरू खरिद गरी उपलब्ध गराउने निर्णय गरियो ।

तपसिलः

योजना तथा कार्यक्रमहरू माग तर्फ

| सि.नं. | निवेदकको नाम | कार्यक्रम/माग | रकम रू. | बजेट शिर्षक |
|---|---|---|---|---|
| १ | महांकाल नयाँ बस्ती मार्ग वडा नं. ६ | १४ थान १२ इन्चको डि.डब्लु.सी. पाईप | ३,३३,६४३.८ | ढल, पाईप, पानी ट्यांकी खरिद (३११५९) |
| २ | रामकोट ५ खानेपानी उपभोक्ता समिति, वडा नं. ६ | खानेपानी पाईप तथा जडान सामाग्रीहरू | लागत अनुमान बमोजिम | |
| ३ | रत्नराज्य मसिने फाँट वडा नं. ७ | १६० मिटर ४०० एम.एम.को पाईप | लागत अनुमान बमोजिम | |
| ४ | फस्कु भित्री सडक र कल्लाबारी सडक वडा नं. ६ | (डि.डब्लु.सी.) २४ मिटर २०० एम.एम.को पाईप र ४२ मिटर ३०० एम.एम.पाईप | २१२०५८ | |
| ५ | भैरव टोल नयाँ बस्ती एरीया | १२० मिटर (डि.डब्लु.सी.) पाईप | लागत अनुमान बमोजिम | |
| ६ | सातबिसे कुलो वडा नं. ६ | १५० मिटर ५०० एम.एम. (डि.डब्लु.सी.) पाईप | लागत अनुमान बमोजिम | |
| ७ | लुपाङ्ग टोल सुधार समिति, वडा नं. ६ | १०० मिटर ४०० एम.एम. (डि.डब्लु.सी.) पाईप | ५,११५५१ | |
| ८ | दहचोक शिकारी तथा सोती गाउँ खानेपानी उ.स. | ४ इन्चको १५० मिटर र १ इन्चको ६०० मिटर एच.डि.पि.ई. | १,७१,५२७ | |
| | | **विपद् व्यवस्थापन तर्फ** | | |
| ९ | कुते सडक मर्मत | सडक मर्मत | ९९,०५२ | विपद् व्यवस्थापन शिर्षकबाट |
| १० | आदेश्वर मुल सडक मर्मत | सडक मर्मत | ९९,९३९.४९ | |
| ११ | ज्योती आधारभूत स्कुल नजिक सडक मर्मत | सडक मर्मत | ९९,००० | |
| १२ | पञ्चकन्या माध्यमिक विद्यालय पर्खाल निर्माण | पर्खाल निर्माण | ७,९९,२५० | |
| १३ | निर्भाना टोल सुधार समिति | पहिरो व्यवस्थापन | ९,९७,००० | |
| १४ | वि.पि.वन वाटिका पहिरो नियन्त्रण | पहिरो व्यवस्थापन | ९,९७,००० | |
| | | **सडक बत्ती मर्मत तथा जडान** | | |
| १५ | वडा नं. ८ को विभिन्न स्थानमा सडक बत्ती जडान तथा मर्मत | सडक बत्ती जडान तथा मर्मत | २,५३,१८० | सडक बत्ती मर्मत तथा सम्भांर |

निर्णय नं. १७
नागार्जुन नगरपालिकामा तपसिलमा उल्लेखित कम्पनीहरूले (घ) वर्गको इजाजत पत्र दर्ताका लागि निवेदन दिएकोमा अनुगमन समितिको विभिन्न मितिमा भएको निर्णयबाट उपयुक्त देखि अनुमति पत्रका लागि नगर कार्यपालिकामा पेश भएका निम्न कम्पनीहरूलाई (घ) वर्गको इजाजत पत्र प्रदान गर्ने निर्णय गरियो ।

तपसिलः

१. श्री रूद्र ईर्नजी ट्रेड एण्ड सप्लायर्स प्रा.लि., नागार्जुन न.पा. १०, काठमाडौं ।

निर्णय नं. १८
आ.व. २०८२/०८३ को लागि सडक बोर्ड नेपालबाट विनियोजित रकम रू.१७ लाखको लागि नगरपालिकाको तर्फबाट व्यहोर्नुपर्ने ३० प्रतिशत यस नगरपालिकाको अन्य सार्वजनिक निर्माण/म्याचिङ्ग फन्ड शिर्षकमा विनियोजित बजेटबाट सुनिश्चितता गर्ने र तपसिल बमोजिमका सडकहरूमा सडक सुरक्षा सम्बन्धी कार्य गर्ने गरी सडक बोर्ड नेपालबाट सहमतिको लागि पठाउने निर्णय गरियो ।

तपसिलः

१. तारापुञ्ज सोती गाउँ सडक
२. हाईट गुम्बा डाँडा गाउँ सडक
३. भिमढुंगा बसपार्क भिमसेनथान सडक
४. सडक सुरक्षा प्रतिवेदनमा उल्लेख भएका Black Spot

निर्णय नं. १९
नागार्जुन नगरपालिका अन्तर्गत तपसिलमा उल्लेखित वडाहरूमा तपसिलमा उल्लेखित योजनाहरू ५०/५० प्रतिशतमा लागत साझेदारीमा योजना सञ्चालन गर्नको लागि उपभोक्ताहरूको निवेदन पेश भएकोमा नगरपालिकाको नीति अनुसार ५० प्रतिशत सहभागिता उपभोक्ताबाट व्यहोर्ने गरी योजना सञ्चालन गर्न माग भएमा सोलाई प्राथमिकता दिने नीति रहेकोले निम्न योजनाहरूलाई लागत साझेदारीमा सञ्चालन गर्न नागार्जुन नगरपालिकाको जनसहभागिता शिर्षकमा विनियोजित बजेटबाट देहाय बमोजिम हुने गरी उल्लेखित योजना सम्झौता गरी कार्य अगाडि बढाउने निर्णय गरियो ।

तपसिलः

| सि.नं. | योजनाको नाम | वडा नं. |
|---|---|---|
| १ | हरिसिद्धि खानेपानी डोप बोरिङ्ग | ५ |

निर्णय नं. २०
यस नगरपालिका वडा नं. ८ बस्ने श्री अस्मिता खड्का Asian Taekwondo Union को आयोजनामा दक्षिण कोरियामा सञ्चालित 2025 ATU Referee Education Program मा सहभागि हुनु भएकोले नगरपालिकाबाट खेलाडी प्रोत्साहन स्वरूप रकम रू.२५,०००/- मात्र यस नगरपालिकाको खेल प्रायोजन तथा खेलकुद व्यवस्थापन शिर्षकमा विनियोजित बजेटबाट खर्च हुने गरी उपलब्ध गराउने निर्णय गरियो ।

प्रमाणित